वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९

प्रस्तावना:

जंगली वन्यजन्तु (हात्ती, गैंडा, बाघ, भालु, चितुवा, हिउँ चितुवा, जंगली बँदेल र अर्ना) ले संरक्षित क्षेत्र, मध्यवर्ती क्षेत्र, सामुदायिक वन लगायत अन्य वन क्षेत्र तथा अन्य गाउँ/वस्तिमा प्रवेश गरी स्थानीय जनताको जीउ धनको क्षति पुऱ्याउने गरेको तर राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र त्यस अन्तर्गत बनेका नियमावलीहरु तथा अन्य प्रचलित नेपाल कानूनमा समेत वन्यजन्तुबाट हुने क्षतिको राहत दिने व्यवस्था नभएको कारण यस्तो क्षति हुँदा स्थानीय जनता र संरक्षण निकाय तथा स्थानीय प्रशासन बीच तनाव र द्वन्द सृजना हुँदै आएको छ।

वन क्षेत्रबाट जंगली वन्यजन्तुहरु बाहिर आई क्षति पुऱ्याउने गरेको कारण स्थानीय जनताबाट पटक-पटक वन्यजन्तुले पुऱ्याएको क्षतीको राहत माग भै आएको सन्दर्भमा स्थानीय स्तरका सरोकारवाला संघ-संस्था, नागरिक समाजसँग छलफल र अन्तरक्रिया गरी प्राप्त राय सुझावका आधारमा वन्यजन्तुबाट हुने जीउ धनको क्षति वापत तपसिलका मापदण्डको आधारमा पीडित नेपाली नागरिकलाई राहत उपलब्ध गराई वन्यजन्तु र स्थानीय वासिन्दा बीचको अन्तर सम्बन्ध घनिष्ठ राख्ने उद्देश्यले आर्थिक कार्यविधी नियमावली, २०६४ को नियम ११४ बमोजिम वन तथा भू-संरक्षण मन्त्रालयले यो निर्देशिका बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९" रहेको छ।

(२) यो निर्देशिका नेपाल सरकारको मन्त्रिपरिषद्बाट शासकीय तथा आर्थिक सुधारको तत्कालीन कार्ययोजना २०६९ स्वीकृत भएको मिति देखि लागूहुनेछ।

२. **परिभाषाः** यस निर्देशिकाको प्रयोजनका लागि विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमाः

(क) "वन्यजन्तुबाट हुने क्षति" भन्नाले हात्ती, गैंडा, बाघ, भालु, चितुवा, हिउंचितुवा, अर्ना, जंगली वँदेल र भालुबाट हुने मानवीय क्षति, पशुधनको क्षति, भण्डारण गरेको अन्नको क्षति, घर/गोठको क्षति र खाद्यान्न (उखु समेत) को क्षति समेतलाई जनाउँछ।

(ख) "गम्भीर घाइते" भन्नाले वन्यजन्तुको आक्रमणबाट शरीर अङ्ग भङ्ग हुनेगरी घाइते भएको अवस्थालाई जनाउँछ।

(ग) "सामान्य घाइते" भन्नाले शरीर अङ्ग भङ्ग हुने बाहेक उपचार गर्नुपर्ने अन्य अवस्थाको घाइतेलाई जनाउँछ।

३. **वन्यजन्तुबाट हुने क्षतिका किसिम र राहत प्राप्त गर्ने आधारहरुः**

(क) **मानवीय क्षतिः** संरक्षित क्षेत्र र राष्ट्रिय वनक्षेत्र बाहेक अन्यत्र उल्लेखित वन्यजन्तुको आक्रमणमा परी मानिसको मृत्यु भएमा, गम्भीर घाइते भएमा वा उपचार गर्नु पर्ने गरी घाइते भएको अवस्थामा यस निर्देशिका बमोजिम राहत रकम उपलब्ध गराइनेछ। त्यसैगरी संरक्षित क्षेत्र र राष्ट्रिय वन क्षेत्रमा सरकारी काममा खटिएका कर्मचारी र वन संरक्षणको कामको लागि अनुमति लिई काममा खटिएका कामदारलाई उल्लेखित वन्यजन्तुले क्षति पुऱ्याएमा समेत यस निर्देशिका बमोजिम राहत उपलब्ध गराउन सकिनेछ।

(ख) **पशुधनको क्षति:** संरक्षित क्षेत्र र राष्ट्रिय वनक्षेत्र वाहेक अन्यत्र उल्लेखित वन्यजन्तुको आक्रमणमा परी वस्तुभाउको मृत्यु भएमा यस निर्देशिका बमोजिम राहत रकम उपलब्ध गराउन सकिनेछ ।

(ग) **भण्डारण गरेको अन्नको क्षति:** उल्लेखित वन्यजन्तुले घरगोठ भित्र भण्डारण गरेको अन्नको क्षति गरेमा मात्र क्षतिको मूल्याङ्कनको आधारमा राहत उपलब्ध गराउन सकिनेछ ।

(घ) **घर/गोठको क्षति:** उल्लेखित वन्यजन्तुले प्रयोगमा रहेको घर/गोठको क्षति गरेमा क्षतिको मूल्याङ्कनको आधारमा राहत रकम उपलब्ध गराउन सकिनेछ ।

(ङ) **खाद्यान्न बालीको क्षति:** उल्लेखित वन्यजन्तुले खाद्यान्न (उखु समेत) वाली नोक्सान गरेमा मूल्याङ्कनका आधारमा राहत रकम उपलब्ध गराउन सकिनेछ ।

(च) **हिमाली क्षेत्र सम्वन्धी विशेष व्यवस्था :** हिमाली संरक्षित क्षेत्रहरु भित्र भएका वस्तीहरुमा उल्लेखित वन्यजन्तुले क्षति पुऱ्याएमा समेत यस निर्देशिका बमोजिम राहत रकम उपलब्ध गराइनेछ ।

(छ) **राहत वितरणका क्षेत्रहरु :** राहत वितरणका क्षेत्रहरु तलिका नं. १ मा उल्लेख गरिएको छ ।

तालिका नं. १. राहत वितरणका क्षेत्रहरु:

वन्यजन्तु	मानवीय क्षति			पशुधनको क्षति	भण्डारण गरेको अन्नको क्षति	घर/गोठको क्षति	खाद्यान्न बालीको क्षति
	सामान्य घाइते	सख्त घाइते	मृत्यु				
हात्ती	पाउने	पाउने	पाउने	नपाउने	पाउने	पाउने*	पाउने *
गैंडा	पाउने	पाउने	पाउने	नपाउने	नपाउने	नपाउने	पाउने
बाघ	पाउने	पाउने	पाउने	पाउने	नपाउने	नपाउने	नपाउने
भालु	पाउने	पाउने	पाउने	नपाउने	नपाउने	नपाउने	नपाउने
चितुवा	पाउने	पाउने	पाउने	पाउने	नपाउने	नपाउने	नपाउने
हिउँचितुवा	पाउने	पाउने	पाउने	पाउने	नपाउने	नपाउने	नपाउने
जंगली बनेल	पाउने	पाउने	पाउने	नपाउने	नपाउने	नपाउने	नपाउने
अर्ना	पाउने	पाउने	पाउने	नपाउने	नपाउने	नपाउने	पाउने

* भण्डारण गरेको अन्नको क्षति, घर/गोठको क्षती र खाद्यान्न (उखु समेत) को क्षतिको राहतको हकमा पीडितको जग्गा धनी दर्ता प्रमाण पुर्जा भएको हकमा मात्र राहत उपलब्ध गराउन सकिनेछ ।

४. **राहत रकम प्राप्त गर्नका लागि पेश गर्नु पर्ने प्रमाणहरु :** राहत रकम प्राप्त गर्नका लागि पेश गर्नु पर्ने प्रमाणहरु तलिका नं. २ मा उल्लेख गरिएको छ ।

तालिका नं. २. राहत रकम प्राप्त गर्नका लागि पेश गर्नु पर्ने प्रमाणहरु

प्रमाण र प्रकृति	मानवीय क्षति			पशुधनको क्षति	भण्डारण गरेको अन्नको क्षति	घर/गोठको क्षति	खाद्यान्न वालीको क्षति
	सामान्य घाइते	सख्त घाइते	मृत्यु				
पीडित/हकवालाको निवेदन	√	√	√	√	√	√	√
संभव भएसम्म मृतकको/पिडितको फोटो	√	√	√	√	√	√	√
मृत्यु दर्ता प्रमाणपत्र			√				
घटनास्थलको सर्जमीन मुचुल्का	√	√	√	√	√	√	√
स्वास्थ्य संस्थाको सिफारिस (पोष्टमार्टम रिपोर्ट)	√	√	√				
प्रहरी प्रतिवेदन			√				
सम्वन्धित मध्यवर्ती उपभोक्ता समिति वा संरक्षण क्षेत्र व्यवस्थापन परिषद वा सामुदायिक वन उपभोक्ता समितिको सिफारिस	√	√	√	√	√	√	√
सम्बन्धित गा.वि.स./नगरपालिकाको सिफारिस	√	√	√	√	√	√	√
नाता प्रमाणित कागजात			√				
स्वाथ्य संस्थाको सिफारिस र औषधी बील	√	√					
पशु सेवा/कृषि सेवा सम्वन्धी प्राविधिकको मूल्यांकन				√	√		√
जग्गा धनी प्रमाण पुर्जा						√	√

५. राहत रकमको हदः

(क) मानवीय क्षतिको लागिः

(अ) सामान्य घाइतेको लागि घाइतेको प्रकृति हेरी प्रेषित कागजात र सिफारिसका आधारमा बढीमा रु. १०,०००।- (दश हजार) सम्म

(आ) सख्त घाइतेको लागि घाइतेको प्रकृति हेरी प्रेषित कागजात र सिफारिसका आधारमा बढीमा रु. ५०,०००।- (पचास हजार) सम्म

(इ) मृत्यु भएकोमा आश्रित परिवार/हकवालाको लागि रु. ३,००,०००।- (तीन लाख) ।

(ख) पशुधनको क्षतिको लागि :

(अ) मृत्यु भएको पशुको लागि वस्तुभाउको प्रकार हेरी प्रेषित कागजात र सिफारिसका आधारमा बढीमा रु. १०,०००।- (दश हजार) सम्म ।

(ग) **घर/गोठ क्षतिको लागि** : सम्वन्धित उपभोक्ता समिति तथा कार्यालयका प्रतिनिधि समेतबाट प्राप्त क्षति सम्वन्धी प्रतिवेदन र सिफारिसका आधारमा निम्न अनुसारको राहत रकम उपलव्ध गराइनेछ :-

(अ) घर/गोठ क्षतीको प्रकृति हेरी प्रेषित कागजात र सिफारिसका आधारमा बढीमा रु. १०,०००।- (दश हजार) सम्म,

(आ) भकारीमा भण्डारण गरिएको अन्नको मुल्याङ्कन गरी प्रेषित कागजात र सिफारिसका आधारमा बढीमा रु.१०,०००।- (दश हजार) सम्म ।

(घ) खाद्यान्न बालीको क्षतिको लागिः सम्वन्धित उपभोक्ता समिति, गाउँ विकास समिति /नगरपालिका तथा कार्यालयका प्रतिनिधि समेतबाट प्राप्त क्षति सम्वन्धी प्रतिवेदन र सिफारिसका आधारमा खाद्यान्न बालीको क्षतिको क्षेत्रफल र प्रकृति हेरी बढीमा रु. १०,०००।- (दश हजार) सम्म राहत रकम उपलव्ध गराइनेछ ।

तर एक मौसममा लगाएको बालीको हकमा एक पटक र बर्षमा दुई पटकमा नबढ्ने गरी राहत रकम उपलव्ध गराइनेछ ।

६. संस्थागत संरचनाः

(क) यस निर्देशिका बमोजिमको राहत क्षेत्रीय वन निर्देशनालयहरु मार्फत उपलब्ध गराइनेछ । वन तथा भू-संरक्षण मन्त्रालयले वन्यजन्तुबाट हुने क्षतिको बजेट विनियोजनको व्यवस्था मिलाउने छ ।

(ख) जिल्ला स्तरमा राहत उपलव्ध गराउनका लागि निम्न बमोजिमको एक राहत वितरण सिफारिस समिति रहेको छ :-

(अ) संरक्षित क्षेत्रको हकमा सम्बन्धित संरक्षित क्षेत्रका कार्यालय प्रमुख र अन्य क्षेत्रको हकमा जिल्ला वन अधिकृत -संयोजक

(आ) सम्वन्धित मध्यवर्ती क्षेत्र उपभोक्ता समितिका अध्यक्ष - सदस्य

(इ) सम्वन्धित सामुदायिक वन उपभोक्ता समितिको अध्यक्ष -सदस्य

(ई) सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाको कार्यकारी अधिकृत/ गाउँ विकास समिति सचिव/वा प्रतिनिधि -सदस्य

(उ) उपलव्ध भएमा जिल्ला कृषि विकास कार्यालय वा पशु विकास कार्यालयका प्रतिनिधि (क्षतिको किसिम अनुसार)- सदस्य

समितिले आवश्यकता अनुसार अन्य विज्ञ प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ ।

७. राहत माग तथा राहत वितरण गर्दाको कार्यविधिः

(क) राहत सहयोग माग गर्ने व्यक्तिले घटना घटेको मितिले ३५ दिन भित्र सम्बन्धित संरक्षित क्षेत्र वा जिल्ला वन कार्यालय समक्ष माथि तालिका नं. २ मा तोकिएका कागजातहरु संलग्न गरी निवेदन दिनु पर्नेछ ।

(ख) यसरी प्राप्त हुन आएका निवेदनहरु माथि राहत वितरण सिफारिस समितिले निर्णय गरी उपलब्ध गराउनु पर्ने राहतको रकम सम्बन्धित संयोजकको कार्यालय मार्फत क्षेत्रीय वन निर्देशनालयमा माग गर्नु पर्नेछ ।

(ग) सम्बन्धित क्षेत्रीय वन निर्देशनालयबाट राहत रकम उपलब्ध भएपछि संरक्षित क्षेत्रको हकमा सम्बन्धित संरक्षित क्षेत्रको कार्यालय र जिल्ला वन कार्यालयको हकमा जिल्ला वन कार्यालय मार्फत पीडित/हकवालालाई राहत रकम भुक्तानीको व्यवस्था मिलाइनेछ ।

(घ) राहत वितरण गर्दा मानवीय क्षति भएमा मृतकको हकमा नजिकको हकवाला, गम्भिर तथा सामान्य घाइतेको हकमा निज स्वयं वा निजको मञ्जुरीनामाको आधारमा र अन्य क्षतिको हकमा सम्बन्धित हकवालालाई राहत उपलब्ध गराइनेछ । मानवीय क्षति र गम्भिर घाइतेको हकमा कुल राहत रकममा नबढ्ने गरी सम्बन्धित कार्यालयको बजेटबाट बढीमा क्रमशः रु.५०,०००।- (पचास हजार) सम्म र रु.१०,०००।- (दश हजार) सम्म राहात रकमबाट सोधभर्ना हुने गरी अग्रीम भुक्तानी दिन सकिनेछ ।

८. **विविधः** यस निर्देशिकामा नसमेटिएका वन्यजन्तुले पुऱ्याएको क्षतिका सम्वन्धमा सम्बन्धित मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, संरक्षण क्षेत्र व्यवस्थापन परिषद् र सामुदायिक वन उपभोक्ता समितिले आफ्नै स्रोतमा यस निर्देशिकाको परिधिभित्र रही राहत रकम उपलब्ध गराउन सक्नेछन् ।

९. **बचाउः** यस निर्देशिका स्वीकृत हुन भन्दा अगाडि उपलब्ध गराइएका राहत रकमहरु यसै निर्देशिका बमोजिम वितरण भएको मानिनेछ ।